मुक्तिनाथ दर्शन सेवा

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



पोखरा साइडसिन सेवा

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २७ ❑ अङ्क ४५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ फागुन १६ गते शनिबार ❑ 28 Feb. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।–


## फेरि कसैले पनि भ्रष्टाचार गर्न नसक्ने गरी काम गर्छौं : सभापति थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

आसन्न निर्वाचनमा देशमा दुई प्रकारका अतिवादले स्थान पाउन सक्ने खतरा रहेको नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले बताउनुभएको छ । पोखरामा शुक्रबार आयोजित बिशाल चुनावी सभालाई सम्बोधन गर्दै उहाँले भदौ २३ र २४ का घटनालाई लिएर चरम ध्रुवीकरण हुन सक्ने संकेत गर्नुभयो ।

"एउटा अतिवाद २३ भदौमा केही भएको हैन, भएन भन्ने खालको छ," थापाले भन्नुभयो, "अर्को अतिवाद २४ भदौमा आफैं सिंहदरबार जलाउन लगाउने अनि आफैं जेलबाट भाग्ने प्रवृत्तिको हुन सक्छ ।" उहाँले यस्ता प्रवृत्तिप्रति सजग रहन मतदातालाई आग्रह गर्नुभयो । थापाले देशलाई अब केवल राजमार्ग हैन, त्यसमा सही दिशामा कुद्ने धावक र सजग चालक आवश्यक रहेको उल्लेख गर्नुभयो । "कोही भन्छन्, म गाडीमा बसेपछि आफैं कुद्छ। कोही भन्छन्, म चालक भएपछि देश आफैं कुद्छ। तर म भन्छु, एक्लैले देशको गाडी गुडाउन सक्दैन," उहाँले भन्नुभयो, "त्यसका लागि बलियो टिम चाहिन्छ। स्पिडमा चलाउनुपर्छ, तर सजगताका साथ, दुर्घटना



नगराई ।" उहाँले स्थायित्व, सहकार्य र सक्षम नेतृत्वमार्फत मात्रै मुलुकलाई सही गतिमा अघि बढाउन सकिने धारणा राख्नुभयो ।

सभापति थापाले २०४६ सालपछि मन्त्री भएका सबैको सम्पत्ति छानबिन गर्न शक्तिशाली आयोग गठन गर्ने घोषणा गर्नुभयो । उक्त छानबिनको सुरुवात आफू र २०४६ पछि प्रधानमन्त्री बन्नुभएका शेरबहादुर देउवाबाटै गरिने उहाँको भनाइ थियो । तथ्य र छानविनका आधारमा पुष्टि भए आफ्ना बाबालाई पनि कानूनि दायरामा ल्याउने उहाँको दाबी थियो । "पहिलो छानबिन गगन थापा र शेरबहादुर देउवाबाट सुरु हुन्छ," उहाँले स्पष्ट पार्नुभयो, "कानुनभन्दा माथि कोही हुँदैन। बाबु भए पनि दोषी ठहरिए कारबाही हुन्छ ।" देश विकास कानुनी परिधिभित्र रहेर गर्ने प्रतिबद्धता व्यक्त गर्दै उहाँले कसैलाई ठोकेर वा बाँधेर हैन, विधि र प्रक्रियाअनुसार सुशासन कायम गरिने बताउनुभयो । थापाले कांग्रेस बदलिएको र नयाँ संकल्पसहित मैदानमा आएको दाबी गर्नुभयो । "कांग्रेस बलियो भएर आएको छ । पाँच वर्षमा देशमा कार्यापलट गराउँछौं," उहाँले उद्घोष गर्नुभयो ।

उहाँले भ्रष्टाचारमुक्त शासन, आर्थिक पुनरुत्थान र राजनीतिक स्थायित्वलाई मुख्य प्राथमिकता बनाइने बताउँदै मतदातासमक्ष विश्वासको मत माग्नुभयो। आसन्न निर्वाचनलाई मुलुकको दिशा तय गर्ने निर्णायक अवसरका रूपमा व्याख्या गर्दै थापाले अतिवादको बाटो छाडेर स्थायित्व, सुधार र समृद्धिको मार्ग रोज्न आह्वान गर्नुभयो ।

सभापति थापाले सामाजिक सञ्जालमा मात्र सीमित नबस्न आग्रह गर्दै घरदैलो अभियानलाई तीव्र बनाउन कार्यकर्तालाई निर्देशन दिनुभयो। "गोडा चलाऔं, जनताको घरदैलो पुगौं, प्रश्नको उत्तर दिएर सन्तुष्टिपछि मात्र भोट मागौं," उहाँले भन्नुभयो ।

कार्यक्रममा उपसभापति विश्व प्रकाश शर्माले कांग्रेसलाई पुरानो ब्रान्ड भए पनि नयाँ ऊर्जा र परिमार्जित नेतृत्वसहितको दलका रूपमा लिन आग्रह गर्नुभयो । "पुरानो रोज्नुपर्‍यो भने पनि कांग्रेस, नयाँ ऊर्जा रोज्नुपर्‍यो भने पनि कांग्रेस," उहाँले भन्नुभयो। शर्माले पाँच वर्ष टिक्ने प्रधानमन्त्री चयन गर्नुपर्नेमा जोड दिँदै प्रत्यक्ष र समानुपातिकतर्फ बढी मत ल्याउने दललाई सरकार गठनको अवसर दिन अन्य दललाई चुनौती दिनुभयो । "देशमा आर्थिक विकास र समृद्धि चाहने हो भने राजनीतिक स्थायित्व अनिवार्य छ," उहाँको भनाइ थियो । कांग्रेसका तर्फबाट कास्की क्षेत्र नं १, २ र ३ का उम्मेदवारहरू तिलक रानाभाट, माधवप्रसाद बाँस्तोला र मनोज गुरुङले आआफ्ना चुनावी प्रतिबद्धतासहित भनाइ राख्नुभएको थियो । कांग्रेस कास्कीका सभापति किशोरदत्त बराल, सहसचिव एवं प्रवक्ता नवीन सिग्देल लगायतले बदलिएको कांग्रेसले देश बदल्ने सङ्कल्पसहित आएको भन्दै कांग्रेसका उम्मेदवारलाई अत्यधिक बहुमतसहित विजयी गराउन आग्रह गर्नुभयो ।

## स्वर्गीय अधिकारीको स्मृतिमा सहिद पार्कमा श्रद्धाञ्जलीसभा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

स्वर्गीय रवीन्द्र अधिकारीको सातौँ स्मृति शुक्रबार पोखरा महानगरपालिका-१८ सराङ्कोटको जामुनाबोटस्थित सहिद पार्कमा निर्माण गरिएको सालिकमा माल्यार्पणसहित श्रद्धाञ्जलीसभाको आयोजना गरिएको छ ।

रवीन्द्र अधिकारी स्मृति प्रतिष्ठानद्वारा आयोजित कार्यक्रमका वक्ताहरूले सरल जीवनशैली र विकासप्रतिको समर्पणलाई स्मरण गर्दै उहाँले देखाएको बाटोमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

प्रतिष्ठानका अध्यक्ष एवं उहाँकी धर्मपत्नी विद्या भट्टराईले पोखरा र समग्र राष्ट्रको विकासका लागि रवीन्द्रले पुऱ्याउनुभएको योगदानलाई



चिरस्थायी बनाउन प्रतिष्ठानले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउनुभयो ।

स्व रवीन्द्र एमालेको मात्र नभई सबैको नेताका रूपमा रहनुभएको उल्लेख गर्दै पूर्वमन्त्रीसमेत रहनुभएकी भट्टराईले पर्यटन पूर्वाधार, विमानस्थल विस्तार तथा राष्ट्रिय गौरवका योजनाहरूको निरन्तरतामा उहाँले देखेका सपना पूरा गर्न सके सच्चा श्रद्धाञ्जली हुने विश्वास व्यक्त गर्नुभयो । नेपाल कम्युनिष्ट पार्टी (एमाले) को पोलिटब्यूरो सदस्य

बाँकी अन्तिम पृष्ठमा ▶▶

## भीडभाड गरेर फागु खेल्न नपाइने

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

प्रतिनिधिसभा सदस्य चुनावको सम्मुखमा परेको फागु पर्व यसपालि सार्वजनिकस्थलमा भीडभाड हुने गरी खेल्न नपाइने भएको छ ।

निर्वाचनको सुरक्षा संवेदनशिलता र आचारसहिंताका कारण सडक तथा सार्वजनिक भीड जम्मा हुने गरी कुनै पनि मेला, साङ्गीतिक कार्यक्रम नगर्न जिल्ला प्रशासन कार्यालय, कास्कीले सार्वजनिक रुपमा सूचीत गरेको हो । कार्यालयले आज जारी गरेको सूचनामा फागु पर्वलाई लक्षित गरी कार्यक्रम गर्न कसैलाई पनि अनुमति नदिइएको उल्लेख छ । परिवार मिलेर घरपरिसरमा सभ्य र सुसंस्कृत रुपमा फागु पर्व मनाउन कार्यालयले आग्रह गरेको छ । फागुपूर्णिमा मनाउने क्रममा सुरक्षा नियम र आचारसहिंता पालना गर्न सम्बद्ध सबै पक्षलाई अनुरोध गरिएको छ । फागु खेल्ने क्रममा प्रचलित कानुन विपरीत कार्य गरेको पाइएमा जोकोहीलाई कानुनी कारबाहीको दायरामा ल्याउने कार्यालयले जनाएको छ । यही फागुन १८ गते पहाड र १९ गते तराई क्षेत्रमा फागुपूर्णिमा मनाइँदैछ ।

## निर्वाचन ६ दिन बाँकी, निर्वाचन अवधिभर मादक पदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबन्ध

**रासस**
काठमाडौं, १५ फागुन

निर्वाचन आयोगले आजदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा नभएसम्म मादक पदार्थ बिक्रीवितरण तथा सेवनमा प्रतिबन्ध लगाउने भएको छ ।

आयोगले निर्वाचन सुरक्षा व्यवस्थापन निर्देशिका, २०७८ को दफा ३ बमोजिम गठित उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकबाट पारित निर्वाचन सुरक्षा योजनाअनुसार सो प्रस्ताव गरिएको हो ।

सुरक्षाको समग्र अवस्थाको समीक्षा एवं वस्तुस्थितिको आकलन तथा सुरक्षा व्यवस्थासम्बन्धी मार्गदर्शन तथा सिफारिससमेतका आधारमा आयोगलेगृहमन्त्रालयलाईनिर्देशन दिएको छ । आयोगले निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्न गराउन गृह मन्त्रालयले सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायहरूलाई निर्देशन दिएको छ । जिल्ला आचारसंहिता अनुगमन समितिले तोकिएका व्यक्ति तथा संयन्त्रको परिचालन गरी निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३ र निर्वाचन आचारसंहिता, २०८२ बमोजिम निषेध गरिएका कार्य हुन नदिने र कहीँकतै भए गरेको पाइएमा प्रचलित कानुनबमोजिम तत्काल कारबाही गरी आयोगमा जानकारी गराउन निर्देश गरिएको छ । मतदानको दिनमा अत्यावश्यक सेवाका सवारीसाधन एम्बुलेन्स, दमकल, शववाहन, रक्तसञ्चार सेवाका साधन, सुरक्षा निकायका सवारीसाधन, विद्युत् मर्मत, खानेपानी तथा ढल मर्मतका सवारीसाधन निर्बाध चल्न सक्नेछन् ।

यस्तै, दूरसञ्चार सेवा मर्मतका लागि प्रयोग हुने सवारीसाधन, कूटनीतिक नियोगका सवारीसाधन र निर्वाचनको दिनमा प्रयोग गर्नेगरी पास प्राप्त गरेका सवारीसाधन पनि सहज सञ्चालन हुनेछ । सार्वजनिक तथा निजी सवारीसाधन भने यही फागुन २० गते राति १२ बजेदेखि फागुन २१ गते साँझ मतदान सम्पन्न नभएसम्मका लागि सञ्चालनमा रोक लगाउने निर्णय भएको आयोगले जनाएको छ ।

यस्तै, मतदानको दिनमा अन्तरराष्ट्रिय तथा आन्तरिक हवाई उडान यथावत सञ्चालनको व्यवस्था मिलाइनेछ । अन्तरराष्ट्रिय र आन्तरिकतर्फका हवाई उडानका लागि टिकट भएका यात्रुलाई विमानस्थलदेखि घर र बसोबास गर्ने होटलसम्म ल्याउन सहज व्यवस्था गरिएको छ ।

यस्तै, घर बसोबास गर्ने होटलदेखि विमानस्थलसम्म यात्रा गर्दा निजी वा सम्बन्धित एयरलाइन्सले उपलब्ध गराएको सवारीसाधन प्रयोग गर्न दिनेगरी आवश्यक व्यवस्था मिलाइने आयोगले उल्लेख गरेको छ । यी कागजात देखाएर मतदान गर्न

बाँकी अन्तिम पृष्ठमा ▶▶

## अनुशासित र निष्पक्ष भएर काम गर्न प्रहरी अधिकारीलाई प्रहरी महानिरीक्षकको आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

नेपाल प्रहरीका महानिरीक्षक दानबहादुर कार्कीले प्रहरी अधिकारीलाई माइलमा दौडिएर इन्चमा हार्ने काम नगर्न अनुरोध गर्नुभएको छ ।

शुक्रबार निर्वाचन अनुगमनका क्रममा गोरखा आइपुग्नुभएका उहाँले अनुशासित, निष्पक्ष र कर्तव्यनिष्ठ भएर काम गर्न प्रहरी अधिकारीलाई आग्रह गर्नुभयो ।

"टिकटकसहित सामाजिक सञ्जालमा संयमित हुनुहोला । निर्वाचन प्रहरीहरूलाई सकरात्मक ढङ्गले परिचालन गर्नुहोस्", जिल्ला प्रहरी कार्यालयका प्रहरी अधिकारीलाई सम्बोधन गर्दै कार्कीले भन्नुभयो । उहाँले निर्वाचन आचारसंहितासहित प्रहरी आचारसंहिता प्रभावकारी पालना गर्नुपर्नेमा जोड दिनुभयो ।

जिल्ला निर्वाचन कार्यालयले आयोजना गरेको निर्वाचनसम्बन्धी छलफल कार्यक्रममा उहाँले सुरक्षाकर्मी, राजनीतिकर्मी, सञ्चारकर्मी एवं समग्र समाजले मौन अवधिको सम्मान गर्नुपर्ने बताउनुभयो । उहाँले सञ्चारकर्मीलाई सही समाचार सम्प्रेषण गरी राष्ट्रिय अखण्डता तथा राष्ट्रिय सम्मानलाई कायम राख्न योगदान गर्न आग्रह गर्नुभयो । "हामी ढुङ्गा हानाहान गरे कुन आलौकिक शक्ति आएर रोकिदिन्छ ? तसर्थ सभ्य व्यवहार हामीले नै गर्नुपर्छ", उहाँले भन्नुभयो, "गलत र भ्रामक प्रचार गरेर स्थिति बिगार्नु हुँदैन । आज पनि भ्रामक प्रचारका विभिन्न समाचार आइरहेका छन्, सञ्चारकर्मीहरू संयमित हुनुपर्छ ।"


सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर, पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# रवीन्द्र स्मृति पत्रकारिता पुरस्कार घोषणा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

गाउँ नगर मिडिया सेन्टर नेपालले विकासप्रेमी नेता स्वर्गीय रवीन्द्र अधिकारीको सातौँ स्मृतिका अवसरमा रवीन्द्र स्मृति पत्रकारिता पुरस्कारको घोषणा गरेको छ। उहाँको सातौँ स्मृति दिवसका सन्दर्भ पारेर संस्थाले पुरस्कारको घोषणा गरेको हो।

ग्रामीण क्षेत्रको विकास निर्माण, कृषि, पर्यटन प्रवर्द्धनको क्षेत्रमा उजागर गर्ने मुख्य लक्ष्यका डेढ दशकअघि उहाँकै पहलमा सेन्टर स्थापना भएको संस्थाका अध्यक्ष हरिप्रसाद बाँस्तोलाले जानकारी दिनुभयो।

उहाँका अनुसार प्रत्येक वर्ष फागुन १५ गते एक समारोहको बीच एक जना क्रियाशील पत्रकारलाई सम्मान गरिने सो पुरस्कारको राशि रु ११ हजार १११, सम्मानपत्र र दोसल्लाले सम्मान गरिने छ। रवीन्द्र अधिकारीको पहलमा सङ्कलन भएको रु एक लाख १५ हजारमा बीउपुँजीका रूपमा रहेको रकमलाई वृद्धि गरी रु २५ लाख पुर्‍याउने संस्थाको लक्ष्य छ। पुरस्कारको राशि वृद्धिका लागि पहल गर्ने रवीन्द्र स्मृति प्रतिष्ठानका महासचिव एवं पोखरा महानगरपालिका प्रमुख धनराज आचार्यले शुक्रबार सहिद स्मारपार्क पोखरा-१८ जामुनावाटमा आयोजित सातौँ स्मृतिसभामा जानकारी दिनुभयो। प्रतिष्ठानको सक्रियतामा सो स्थानमा उहाँको पूर्णकदको सालिक पनि निर्माण गरिएको छ। सरल जीवनशैली र विकासप्रति समर्पित तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री अधिकारीको २०७५ साल फागुन १५ गते तप्लेजुङमा हेलिकप्टर दुर्घटनामा परी निधन भएको थियो। आवश्यकताअनुसार विभिन्न जिल्लामा संस्थाको शाखा विस्तार गरिने मिडिया सेन्टरका सचिव कृष्णबहादुर थापाले बताउनुभयो।

# जनप्रियमा कक्षा १२ का विद्यार्थीलाई बिदाइ: "स्नातक तहमा पुनः भेटौँला"

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन



पोखरा स्थित जनप्रिय बहुमुखी क्याम्पस पोखरामा कक्षा १२ का विद्यार्थीहरूका लागि कक्षा ११ को आयोजनामा आयोजित बिदाइ कार्यक्रम विविध सांस्कृतिक प्रस्तुति र शुभकामना आदानप्रदानसहित भव्य रूपमा बिदाई कार्यक्रम सम्पन्न भएको छ।

क्याम्पसको प्राङ्गणमा आयोजित उक्त समारोहमा बिदाइ भई जाने विद्यार्थीहरूलाई मायाको चिनो, अबिर र खादा ओढाएर सुखद शैक्षिक भविष्यको कामना गरिएको थियो। कार्यक्रमका प्रमुख अतिथि सञ्चालक समितिका अध्यक्ष राजेन्द्र पहारीले विद्यार्थीहरू आफैँले यति व्यवस्थित र मर्यादित कार्यक्रम सञ्चालन गरेकोमा खुसी व्यक्त गर्नुभयो। उहाँले विद्यार्थीहरूलाई उज्ज्वल भविष्यको शुभकामना दिँदै क्याम्पस प्रशासन सधैँ गुणस्तरीय शिक्षाको पक्षमा अडिग रहने प्रतिबद्धता जनाउनुभयो। कार्यक्रमका विशिष्ट अतिथि एवं क्याम्पस प्रमुख कृष्णबाबू बरालले बिदाइ भई जाने विद्यार्थीहरूलाई बधाई दिँदै यसै क्याम्पसमा स्नातक तहमा पुनः भर्ना हुन प्रोत्साहित गर्नुभयो। क्याम्पस प्रमुख बरालले "तपाईंहरू फेरि यहीँ भर्ना भएर क्याम्पसको गरिमा र साखलाई अझ उचाइमा पुर्‍याउनुहुनेछ भन्ने विश्वास लिएको छु।" उहाँले विद्यार्थीहरूको शैक्षिक निरन्तरता नै संस्थाको असली सफलता भएको उल्लेख गर्नुभयो।

कार्यक्रमम कक्षा ११ की छात्रा बिनिता अर्यालले स्वागत मन्तव्य राख्दै बिदाइ हुने दाजुभाइ तथा दिदीबहिनीहरूको सफल जीवनको कामना गर्नुभयो। कार्यक्रममा विशेष अतिथि+२ व्यवस्थापन समिति अध्यक्ष लक्ष्मी पौडेलले विद्यार्थीहरूलाई अनुशासित भएर अघि बढ्न र आफ्नो लक्ष्यमा केन्द्रित हुन प्रेरणा दिनुभयो।त्यसै गरि विद्यार्थी हित शाखा प्रमुख बेदहरि तिमिल्सिनाले विद्यार्थीहरूको मिहिनेतको प्रशंसा गर्दै आगामी दिनमा थप प्रगतिको कामना गर्नुभयो। कार्यक्रममा प्रेम थापा, सुमित्रा गिरि, कोपिल श्रीपाली लगाएतका बक्ताहरुले शुभ कामना साथै बिदाई को शुभकामना व्यक्त गरे। बिदाई कार्यक्रममा विद्यार्थीहरूले आकर्षक नृत्य तथा सांगीतिक प्रस्तुतिहरू दिएर माहोललाई निकै मनोरञ्जनात्मक र उत्साहपूर्ण बनाएका थिए।

कार्यक्रम संयोजक एवं सभापति गणेश चालिसेको सभापतित्वमा सम्पन्न भएको उक्त समारोहको सञ्चालन मन्दिप पोखेल र कृपा ढकालले संयुक्त रूपमा गर्नुभएको थियो। कार्यक्रमको समापन गर्दै सभापति चालिसेले कार्यक्रम सफल पार्न सहयोग पुर्‍याउने सम्पूर्ण शिक्षक, कर्मचारी र विद्यार्थीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो।

# निर्वाचनलाई निष्पक्ष, भयरहित वातावरणमा सम्पन्न गराउन निर्देशन

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन



गृहसचिव राजकुमार श्रेष्ठले निर्वाचनलाई निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन कास्की जिल्लास्थित निर्वाचन सम्बद्ध अधिकारीहरूलाई निर्देशन दिनुभएको छ।

कास्की जिल्लास्थित सुरक्षा समितिका पदाधिकारी, मुख्य निर्वाचन अधिकृत तथा प्रदेश सुरक्षा निकायका पदाधिकारीसँगको बैठकमा उहाँले निर्वाचनलाई निष्पक्ष र भयरहित रूपमा सम्पन्न गराउनका लागि आआफ्नो जिम्मेवारीअनुसारका कामलाई प्रभावकारी रूपमा सम्पादन गर्न आग्रह गर्नुभयो।

उक्त अवसर गृहसचिव श्रेष्ठलाई जिल्लाको समग्र सुरक्षा व्यवस्था सम्बन्धमा कास्कीका प्रमुख जिल्ला अधिकारी रुद्रादेवी शर्मा तथा निर्वाचनको तयारी सम्बन्धमा मुख्य निर्वाचन अधिकृत हिमलाल वेलवासेले जानकारी गराउनुभएको थियो। बैठकमा गृहसचिव श्रेष्ठसहित प्रहरी महानिरीक्षक दानबहादुर कार्की, प्रमुख अनुसन्धान निर्देशक टेकेन्द्र कार्की, सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षक नारायणदत्त पौडेललगायत सहभागी हुनुहुन्थ्यो।

गृहसचिव श्रेष्ठसहितको टोली आजै स्याङ्जाको चापाकोट, बाग्लुङको ताराखोला हुँदै पोखरा आएर पोखरामा बैठक सम्पन्न गरी गोरखा जानुभएको कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी शिव लम्सालले जानकारी दिनुभयो।

# देशको भविष्य बदल्नु पर्नेछ : सभापति लामिछाने

**पोखरापत्र संवाददाता**
तनहुँ, १५ फागुन

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले देशको भविष्य बदल्नुपर्ने बताउनुभएको छ। तनहुँको दमौलीमा आज साँझ आयोजित चुनावीसभामा सभापति लामिछानेले देशलाई अब समृद्धिको दिशातर्फ लैजाने बेला आएको बताउनुभयो।

उहाँले भन्नुभयो, "देशले वर्षौँदेखि देखेको सपना पूरा गर्ने दिन फागुन २१ गते हो। अब देशलाई अगाडि बढाउनुपर्नेछ, त्यसको नेतृत्व हामी गर्छौँ।" सभापति लामिछानेले स्वर्णिम वाग्ले तनहुँको मात्र नभई सिङ्गो देशको सम्पत्ति रहेको बताउँदै स्वर्णिमविरुद्ध भ्रम छर्न खोजिएको आरोप लगाउनुभयो। सभापति लामिछानेले सहिदको सपना पूरा गर्नुपर्ने भएकाले रास्वपालाई बहुमत दिन आग्रह गर्नुभयो।

सो सभामा तनहुँ क्षेत्र नं १ का उम्मेदवार डा स्वर्णिम वाग्ले, क्षेत्र नं २ का उम्मेदवार श्रीराम न्यौपानेलगायत सहभागी थिए।

# राजनीतिक ज्ञान र अनुभवले मात्रै निकास र विकास सम्भव : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ फागुन



गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले मुलुकको नेतृत्व गर्ने नेताहरूमा राजनीतिक ज्ञान र अनुभव आवश्यक हुनुपर्नेमा जोड दिनुभएको छ।

नेपाली कांग्रेस म्याग्दीले आज रघुगङ्गा गाउँपालिका-२ भगवतीमा आयोजना गरेको चुनावी सभालाई सम्बोधन गर्दै मुख्यमन्त्री पाण्डेले राजनीतिक नेतृत्वमा ज्ञान र अनुभव भएमा मात्रै मुलुकको निकास र विकास सम्भव हुने धारणा राख्नुभयो।

सामाजिक सञ्जालमा पुराना र नयाँको नाममा भ्रामक सामग्री राखेर विभाजन ल्याउने र जनतालाई झुक्याउने प्रयास भएको बताउँदै उहाँले अनुभवले पुराना र विचार तथा योजनाले नयाँ नेतृत्वले मात्रै मुलुकलाई सही बाटोमा लैजाने बताउनुभयो। "उत्तेजनाको राजनीतिले मुलुकलाई अस्थिरतातर्फ लैजान्छ, मुलुक चलाउने कुरा क्षणिक लहडको कुरा होइन, मतदाताहरूले विवेक प्रयोग गरेर मतदान गर्नुपर्छ", उहाँले भन्नुभयो। सङ्घीयता कार्यान्वयनपछि मुलुकमा पूर्वाधार निर्माणले फड्को मारेको बताउँदै मुख्यमन्त्री पाण्डेले सङ्घ, प्रदेश र स्थानीय सरकारको साझेदारीमा विकास निर्माणमा नेपालमा ठूलो परिवर्तन हासिल भएको बताउनुभयो।

कार्यक्रममा नेपाली कांग्रेस म्याग्दीका सभापति खमवीर गर्बुजा र प्रतिनिधिसभा सदस्यका उम्मेदवार केवी भण्डारीले जिल्लाको विकास र संसद्मा कानुन निर्माणमा सक्रिय सहभागिताका लागि कांग्रेसको पक्षमा मतदान गर्न आग्रह गर्नुभएको थियो।

# कास्कीमा मदिरा बिक्री-वितरण र ओसारपसारमा रोक

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन

यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२ लाई स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण तथा भयरहित वातावरणमा सम्पन्न गर्न कास्की जिल्लाभर शुक्रबार राति १२ बजेदेखि अन्तिम मतपरिणाम सार्वजनिक नहुञ्जेलसम्म मदिराजन्य पदार्थको बिक्री-वितरण, ओसारपसार तथा सेवनमा पूर्ण रोक लगाइएको छ।

जिल्ला प्रशासन कार्यालय कास्कीले आज जारी गरेको जरूरी सूचनाअनुसार निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका-२०७८, निर्वाचन आयोग, नेपालको मिति २०८२/११/१३ को प्रेस विज्ञप्ति तथा जिल्ला सुरक्षा समितिको निर्णय बमोजिम उक्त निषेधाज्ञा लागू गरिएको प्रशासनले जनाएको छ। प्रशासनले होटल व्यवसायी, मदिरा व्यवसायी, राजनीतिक दल, उम्मेदवार, प्रतिनिधि तथा आम सर्वसाधारणलाई सूचनाको पूर्ण पालना गर्न आग्रह गरेको छ। निर्वाचन अवधिभर सार्वजनिक शान्ति सुरक्षा तथा सामाजिक सद्भाव कायम राख्न सबै पक्षको सहयोग आवश्यक रहेको प्रशासनले जनाएको छ।

साथै, सूचनाको प्रभावकारी कार्यान्वयनका लागि सुरक्षा निकायबाट सूक्ष्म अनुगमन तथा निगरानी गरिने जनाउँदै आदेशको अवज्ञा वा उल्लङ्घन गरेको पाइएमा प्रचलित कानुन बमोजिम कडा कारबाही गरिने चेतावनी समेत दिइएको छ। निर्वाचन सम्पन्न भई अन्तिम परिणाम घोषणा नभएसम्म प्रतिबन्ध कायम रहने कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चिताङगत बरालले स्पष्ट पार्नुभयो।

## स्वर्गीय ...

जगत् विश्वकर्माले रवीन्द्र अधिकारीले देखाउनुभएको इमान्दारिता, पारदर्शिता तथा विकासप्रतिको अठोट आजको नेतृत्वका लागि मार्गदर्शक बन्नुपर्नेमा जोड दिनुभयो। नेकपा एमाले कास्कीका संयोजक तथा प्रतिष्ठानका उपाध्यक्ष कृष्ण थापाले स्वर्गीय रवीन्द्रको सरलता, निष्ठा र राष्ट्र निर्माणप्रतिको अटुट प्रतिबद्धता आज पनि हामी सबैका मनमष्तिकमा जीवित रहेको स्मरण गर्नुभयो।

पोखरा महानगरपालिका प्रमुख एवं प्रतिष्ठानका महासचिव धनराज आचार्यले सहिद पार्कको व्यवस्थापनमा महानगरले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउनुभयो। रवीन्द्रको सालिक र आवश्यक पूर्वाधार विकासमा जोड दिँदै सहिद पार्कलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने उहाँले प्रतिबद्धता जनाउनुभयो।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीका रूपमा रहनुभएका अधिकारीको विसं २०७५ फागुन १५ गते ताप्लेजुङमा हेलिकप्टर दुर्घटनामा परी निधन भएको थियो।

कार्यक्रममा प्राडा भरत पहारी र दिपेन्द्र श्रेष्ठले उहाँले यस क्षेत्रको पूर्वाधार विकाससँगै पर्यटन प्रवर्द्धनमा खेल्नुभएको भूमिकाका बारेमा चर्चा गर्नुभएको थियो।


## मतदान किन गर्ने ?

◆ लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन।
◆ योग्य जनप्रतिनिधिको छनौट गर्न।
◆ नागरिक कर्तव्य निर्वाह गर्न।
◆ जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गर्न।
◆ निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गर्न।
◆ असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न।

नेपाल सरकार
विज्ञापन बोर्ड


## निर्वाचन ...

पाइन्छ

प्रतिनिधिसभा सदस्य निर्वाचन (मतदान) निर्देशका, २०८२ अनुसार मतदाताले मतदान गर्न जाँदा आफ्नो मतदाता परिचयपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र देखाएर मतदान गर्न सक्नेछन्।

यस्तै, राष्ट्रिय/परिचयपत्र वा राहदानी वा जग्गाधनी प्रमाणपूर्जा वा सवारी चालक अनुमतिपत्र लिएर मतदान केन्द्रमा जान सक्नेछन्। सोबमोजिम कुनै एउटा कागजात साथमा लिएर मतदान गर्न जान सक्नेछन्।

यस्तै, मतदाता नामावलीमा नाम भएका मतदाताले मतदान गर्न पाउने कुरा मतदानमा खटिने सुरक्षाकर्मी कर्मचारी र सरोकारवालालाई सूचना सम्प्रेषण गर्ने निर्णय भएको आयोगले उल्लेख गरेको छ। मतदानको दिनमा निर्वाचन आयोग र जिल्ला प्रशासन कार्यालय काठमाडौँबाट जारी हुने सवारी पास उपलब्ध गराउन आयोगको सचिवालय परिसरमा पास वितरण एकाइ खडा गर्ने र सो एकाइमा निर्वाचन आयोगको तर्फबाट दुई जना र जिल्ला प्रशासन कार्यालय काठमाडौँको तर्फबाट दुई जना कर्मचारीलाई तोकिनेछ।


"आयुर्वेदोऽमृतानाम:"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६

छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन वहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते

पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार

जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन

उपचार गर्ने रोगहरू :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# कालिका मन्दिरमा 'चैतेदसैँ मेला' को तयारी

पोखरापत्र संवाददाता
बागलुङ, १५ फागुन

नेपालकै पुरानो मेला मध्येको एक चैतेदसैँको तयारी थालिएको छ । कालिका मन्दिरको ऐतिहासकितासँग जोडिएको चैतेदसैँ मेलाको तयारीमा बागलुङ कालिका मन्दिर व्यवस्थापन समिति जुटेको छ।

चैतेदसैँको अवसरमा हेरक वर्ष कालिका मन्दिर परिसरमा परम्पराकालदेखि ठूलो मेला लाग्ने गर्दछ । नेपालकै महत्वपूर्ण मेलामध्येको एक चैत्राष्टमी मेला यस वर्ष आगामी चैत १० गतेदेखि १४ गतेसम्म आयोजना गरिएको बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष भूपेन्द्र खड्काले जानकारी दिनुभयो। धार्मिक तथा पर्यटकीय गन्तव्यको रुपमा चिनिएको बागलुङ कालिका भगवती मन्दिर परिसरमा कालिका मन्दिर स्थापनापछि मेला लाग्दै आएको छ । कालिका मन्दिर स्थापनाको डेढ/दुईसय वर्षपछि मेला आयोजना गर्दै आएको छ । तीन सय वर्षभन्दा पुरानो बागलुङको चैते दसैँ मेलालाई परम्पराको निरन्तरता दिन गर्दै आएको अध्यक्ष खड्काले जानकारी दिनुभयो।



चैतेदसैँ मेलामा कालिका मन्दिर परिसरमा हजारौँ दर्शनार्थीको घुइँचो लाग्ने गरेको छ । मन्दिर परिसरमा स्थानीय तथा आयातित वस्तुको खरिद बिक्रीका लागि स्टलहरू राखिनेछ भने लोक दोहोरी गीत, भलिबललगायत विभिन्न सांस्कृतिक झाकीसमेत प्रदर्शन गरिने छ । "विसं १५९१ मा पर्वते राजा प्रतापी नारायण सिंह मल्लले पाल्पाका राजा मनिमुकुन्द सेनकी छोरीसँग विवाह गरेको र राजकुमारीले आफूसँगै दाइजोको रुपमा ल्याएकी माझकी देवीको मूर्तिलाई अहिलेको कालिका मन्दिर भएको ठाउँमा बिसाइयो", अध्यक्ष खड्काले भन्नुभयो, "भोलिपल्टपछि मूर्तिसहितको डोली उठाउन खोज्दा डेग नचलेपछि उक्त ठाउँमा मन्दिर स्थापना भयो, चैतेदसैँमा मन्दिरमाआउनेभक्तजनहरूलेस्थानीय उत्पादनको खरिद बिक्री गर्ने चलन बढ्दै गयो र चैतेदसैँको मेलाका रुपमा अहिलेसम्म निरन्तरता छ।" बागलुङ कालिका भगवती मन्दिरमा पूजाअर्चना गर्दा मनोकांक्षा पूरा हुने जनविश्वास रही आएको छ। त्यही विश्वासका आधारमा यहाँ हजारौँ खसी बोका, राँगा तथा हाँस कुखुराको बलि दिने गरिन्छ। मेलामा करोडौँ रुपैयाँको कारोबार हुन्छ। पहिला पहिला चैते दसैँलाई वर्षभरि रकम जम्मा गरेर घरायसी सामग्री खरिद गर्ने प्रचलन रहेको छ। पहिला डाली, नाङ्ला, ठेका ठेकी, आसी र बाउसा खरिद गर्ने काम चैतेदसैँमा हुँदै आएको थियो।

चैतेदसैँ मेलामा रु तीन लाख पुरस्कार राशिको कालिका कप खुला पुरुष भलिबल प्रतियोगिता, रु एक लाख पुरस्कार राशिको खुला महिला भलिबल प्रतियोगिता, रु दुई लाख पुरस्कार राशिको राष्ट्रिय लोकदोहोरी गीत प्रतियोगिता, छेलो फाल्ने प्रतियोगिता, रथ यात्रा र रमाइलो मेलालगायतका कार्यक्रम गरिने भएका छन् । कालिका भगवती मन्दिर तथा परम्परागत चैत्राष्टमी मेलालाई राष्ट्रिय तथा अन्तरराष्ट्रिय जगत्मा चिनाउन, बागलुङ जिल्लाको ऐतिहासिक धार्मिक, सांस्कृतिक एवं प्राकृतिक सम्पदा र स्थानीय उत्पादनको संरक्षण र प्रवर्द्धन गर्ने लक्ष्य राखिएको छ।

# पोखरालाई घुम्नेमात्र होइन, कमाउने सहर बनाउने मनोज गुरुङको प्रतिवद्धता

पोखरापत्र संवाददाता
पोखरा, १५ फागुन

कास्की क्षेत्र नं ३ का कांग्रेस उम्मेद्वार मनोज गुरुङले पोखरालाई कमाउने ठाउँ बनाउने बताएका छन् । नेपाली कांग्रेस कास्कीले पोखरामा आयोजना गरेको चुनावी सभामा उम्मेद्वार गुरुङले यस्तो बताएका हुन् ।

पोखरालाई पर्यटनको राजधानी बनाउन सकिए देश नै समृद्धितर्फ अघि बढ्ने उनको दाबी छ। उनले भने, 'पोखरा केबल घुम्नेमात्र ठाउँ होइन, कमाउने ठाउँ बनाउने हाम्रो संकल्प हो । यसका लागि १२ महिना नै चल्ने पर्यटन अर्थतन्त्र, साहसिक खेल, अन्तर्राष्ट्रिय कार्यक्रम, ग्रामीण कृषि तथा पर्यटनका एकीकृत ढाचा हाम्रा प्रतिज्ञा हुन्।'

पोखरामा पर्यटन सम्भावना हुँदाहुँदै व्यवस्थापन नहुनु, युवा शक्ति हुँदाहुँदै अवसर नहुनु, कृषि हुँदाहुँदै बजार नहुनु र विमानस्थल हुँदाहुँदै दीर्घकालीन सञ्चालन रणनीति नहुनु मुख्य



समस्या भएको उनले औँल्याए । यी सबै पक्षमा सुधार गर्न सकिए पोखरालाई सार्थक अर्थमा पर्यटनको राजधानी बनाउन सकिने उनको भनाइ थियो । पोखरालाई पर्यटनको राजधानीकै रुपमा अघि बढाउने हो भने त्यसले समग्र देशलाई समृद्धितर्फ अघि बढाउने दाबी गरे । सार्वजनिक सेवामा परदर्शी चाहेको भन्दै उनले भने, 'लाइन होइन अनलाइन, चिनजान होइन प्रणाली र ढिलासुस्ती होइन समयसीमा चाहन्छौँ ।'

युवा पुस्ता अवसरको खोजीमा विदेशिन बाध्य भएकोप्रति चिन्ता व्यक्त गर्दै गुरुङले यस अवस्थाको अन्त्य गर्न सीप, प्रविधि र उद्यमशीलतामार्फत देशमै रोजगारी सिर्जना गर्ने प्रतिबद्धता जनाए । आफू भोट माग्न मात्रै नभई जनताको विश्वास माग्न आएको उनले बताए। विश्वासका आधारमै देशलाई सही दिशामा लैजान सकिने उल्लेख गर्दै उनले लोकतन्त्रको रक्षा आफ्नो पहिलो कर्तव्य भएको स्पष्ट पारे ।

यो निर्वाचन देशकै भविष्यसँग जोडिएको स्पष्ट पार्दै गुरूङले यसतर्फ सोचेर कांग्रेसलाई मत दिन आग्रह गरे। उनले सुशासन र सामाजिक न्यायलाई मूल आधार बनाएर अघि बढ्ने प्रतिबद्धता जनाए । शिक्षा प्रणालीमा सुधार गरी विद्यालय र कलेजबाट निस्किएका विद्यार्थी सिधै रोजगारीमा जोडिन सक्ने व्यवस्था मिलाउने र स्वास्थ्य सेवा सबैका लागि सहज र पहुँचयोग्य बनाउने प्रतिबद्धता पनि उनले जनाए । जनताको करबाट उठेको पैसा जनताकै हितमा खर्चिनुपर्नेमा समेत उनले जोड दिए ।

# लिटल फ्लावरमा भवन शिलान्यास

पोखरापत्र संवाददाता
पोखरा, १५ फागुन

पोखरा महानगरपालिका वडा नं २७ रिठेपानी स्थित लिटल फ्लावर एजुकेशनल सेकेण्डरी स्कुलमा विहिवारदेखि भैरहेको त्रिदिवसीय कार्यक्रम अन्तर्गत शुक्रवार कक्षा ११, १२ को लागि छुट्टै नयाँ भवनको शिलान्यास भएको छ । नयाँ भवनको पोखरा महानगरपालिका वडा नं २७ का वडाध्यक्ष पूर्णकुमार गुरुङ्गले शिलान्यास गरेका हुन् ।

अत्याधुनिक प्रविधि जडित कक्षाकोठाहरु सहित कुल ११ वटा कोठाहरु रु १ करोड २५ लाखको लागतमा निर्माण गरिने प्रिन्सिपल बिकल पौडेलले वताए ।

विद्यालय सञ्चालक कार्यबाहक अध्यक्ष तेज्यू गुरुङ्ग, विद्यालय व्यवस्थापन समिति अध्यक्ष तिलकसिंह गुरुङ्ग लगायत पदाधिकारीहरु, सञ्चालकहरु, शिक्षक, कर्मचारीहरुको उपस्थिति रहेको कार्यक्रममा कक्षा ११, १२ संयोजक बिष्णुहरि पौडेलले शिलान्यासको प्रकृयालाई अगाडि बढाएका थिए । विहिवारदेखि भैरहेको विद्यालयको वार्षिक शैक्षिक कार्यक्रम अन्तर्गतको बाल प्रतिभा पहिचान अन्तर्गत भाषणकला तथा कविता प्रतियोगिता, गायन, नृत्य, नाटक लगायत अप्रतियोगी चित्रकला र विज्ञान प्रदर्शनीमा पनि विद्यार्थीहरुको सहभागिता रहेको छ ।

शनिवार शैक्षिक तथा खेलकुदको पुरस्कार वितरण गरी समापन गर्ने कार्यक्रम रहेको छ । कक्षा नर्सरीदेखि १२ सम्म सञ्चालित यस विद्यालयमा करीव ७०० रहेकामा कक्षा ११ र १२ तर्फ ७० विद्यार्थी अध्ययनरत रहेका छन् ।

# जाडो छल्न आएका चरा फर्किन थाले

रासस
चितवन, १५ फागुन

जाडो छल्न हिमालपारिबाट आएका चरा फर्किन थालेका छन् । जाडो मौसम सुरु भएसँगै गत असोजबाट आउन सुरु गरेका चरा गर्मी सुरु भएसँगै फर्किन थालेका हुन् ।

चितवन राष्ट्रिय निकुञ्जलगायत आसपासका सिमसार क्षेत्रमा हाँस प्रजातिका चरा जाडो छल्न आउने गर्दछन् । हरेक वर्ष अक्टोबरमा आउने ती चरा गर्मी सुरु भएसँगै फर्कन थालेका हुन् । फेब्रुअरीको अन्तिम साताबाट फर्किन थालेका ती चरा मार्च अन्तिमसम्म सबै गईसक्ने नेपाल पन्छीविद् सङ्घ बागमती प्रदेशका अध्यक्ष वासु बिडारीले बताउनुभयो ।

यहाँ मङ्गोलिया, रुस, मलेसिया, उज्बेकिस्तान, पाकिस्तान, चीनलगायत देशबाट चरा आउने गर्दछन् । जाडो छल्न आउने ती चरा कालीगण्डकीको खोच हुँदै चितवनसम्म आइपुगेका थिए । जाडो छल्न हाँस प्रजातिका कऱ्याङकुरुङ, चखेवा, सुइरोपुच्छ्रे, मालक, खडखडे, बिजुला, गैरीसहित बाज, चिललगायत चरा यहाँ आउने गर्दछन् । वनमा आश्रित प्रजातिमा चाचर, चुइया, भारद्वाजसमेत आउने गरेको अध्यक्ष बिडारीले बताउनुभयो ।

यहाँका नदी किनार र तालतलैयामा यस्ता चरा आएर बस्ने गर्दछन् । उहाँका अनुसार नेपाल बाहिरदेखि आएका १२ देखि १५ हाँस प्रजातिका चरा यहाँको नारायणी, राप्ती नदी र रिउखोलामा रमाउने गर्दछन् । नेपालमा १५० प्रजातिका चरा जाडो छल्न आगन्तुक रूपमा आउने गर्दछन् । यी चरा ६ महिनापछि बच्चा कोरल्ने समयमा फेरि दक्षिणबाट उत्तर फर्कने अध्यक्ष बिडारीले जानकारी दिनुभयो । पृथ्वीको उत्तरी ध्रुवमा दिन छोटो र रात लामो हुने हुँदा चर्नका लागि समयसमेत नहुने हुँदा ती चरा आउने गरेको विज्ञ बताउँछन् ।

नेपालमा विशेषगरी सिमसार, घाँसेमैदान, वन र खेतबारीमा बस्ने चरा आउने गर्दछन् । चितवन राष्ट्रिय निकुञ्ज चराका लागि उत्तम वासस्थानका रूपमा लिइन्छ । निकुञ्ज हुँदै बग्ने राप्ती, रिउसँगै नारायणी नदी र निकुञ्जभित्रका तालतलैया र वन क्षेत्रमा आगन्तुक चरा रमाउने गर्छन् । निकुञ्ज, मध्यवर्ती र सामुदायिक वन पनि पन्छीको राम्रो विचरण क्षेत्र हुन् । नेपालमा ९०२ प्रजातिका चरा पाइन्छन् भने चितवनमा मात्र ६५२ प्रजातिका चरा पाइन्छन् । यससँगै गर्मी मौसममा आउने चरा आउन थालेका छन् । अध्यक्ष बिडारीका अनुसार भारत हुँदै आउने ती चरा नेपाल छिर्न थालेका छन् । उहाँले भन्नुभयो, "जाडो छल्न आएका चरा फर्किन थालेका छन् भने गर्मीमा आउने चरा आउन थालेका छन् ।" गर्मीमा आउने चराले यही बच्चा कोरलेर जाडो सुरु भएसँगै फर्किने गर्दछन् ।

# 'सराङकोट धाम' विकासमो उम्मेदवार दामोदर पौडेल 'वैरागी'को जोड

पोखरापत्र संवाददाता
पोखरा, १५ फागुन

आगामी २१ गते हुने प्रतिनिधि सभा निर्वाचनमा कास्की क्षेत्र नं. ३ का एमाले उम्मेदवार दामोदर पौडेल 'वैरागी' ले सराङकोटलाई विश्व सामु चिनाउने लक्ष्यसहित 'सराङकोट धाम'को समग्र विकासमा विशेष जोड दिएका छन् ।



वैरागीले शुक्रबार पोखरा-१८ का तोरीपानी, पदेली, ग्यारजाती पार्किङ, लामागाउँ लगायतका बस्तीहरूमा घरदैलो गर्दै स्थानीयसँगको प्रत्यक्ष भेटघाटमा सो कुरा बताएका हुन् । उनले पर्यटनको अत्यधिक सम्भावना बोकेको यस क्षेत्रमा बाह्य लगानीकर्तालाई आकर्षित गर्न सहजीकरण हुने नीतिगत व्यवस्था आवश्यक रहेको औँल्याए ।

'सराङकोट केवल सूर्योदय र प्याराग्लाइडिङको गन्तव्य मात्र होइन, यसलाई धार्मिक तथा सांस्कृतिक केन्द्रका रूपमा पनि विकास गर्न सकिन्छ,' वैरागीले भने, 'पर्यटकीय पूर्वाधार विस्तार, सडक स्तरोन्नति, पार्किङ व्यवस्थापन र स्वच्छता प्रवर्द्धनमार्फत सराङकोटलाई अन्तर्राष्ट्रिय स्तरको गन्तव्य बनाउनुपर्छ ।' मतदाताहरूले विकासप्रेमी नेतृत्वको रूपमा वैरागीप्रति विश्वास व्यक्त गर्दै समर्थन र मत दिने प्रतिबद्धता जनाएका थिए ।

वैरागीले कास्की क्षेत्र नं. ३ लाई पर्यटकीय 'हब' का रूपमा विकास गर्न दीर्घकालीन योजना आवश्यक रहेको बताउँदै सराङकोटमा थप पर्यटकीय भौतिक संरचना निर्माण, निजी-सार्वजनिक साझेदारी मोडेलमा लगानी विस्तार र रोजगारी सिर्जनामा प्राथमिकता दिने प्रतिबद्धता दोहोऱ्याए ।

# एन.आर.एन जापानले हेमजाका सामुदायिक विद्यालयमा स्टेशनरी तथा शैक्षिक सामाग्री वितरण

पोखरापत्र संवाददाता
पोखरा, १५ फागुन

पोखरा महानगरपालिका-२५ हेमजामा सामुदायिक विद्यालयका गरिब तथा जेहेन्दार विद्यार्थीलाई लक्षित गरी ३३ हजार बराबरको विभिन्न स्टेशनरी तथा शैक्षिक सामाग्री वितरण गरिएको छ।

२५ नं. वडा कार्यालय हेमजाको आयोजना, वडा शिक्षा समिति पोखरा-२५ हेमजाको व्यवस्थापन तथा एनआरएन जापान को विशेष सहयोगमा बिहीबार उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रमलाई सम्बोधन गर्दै एन।आर।एन का पूर्व अध्यक्ष एवं संरक्षक शिवप्रसाद पौडेलले सामुदायिक विद्यालयमा अध्ययनरत आर्थिक रूपमा विपन्न तथा जेहेन्दार विद्यार्थीहरूको अध्ययनलाई सहज बनाउने उद्देश्यले वडा कार्यालयको रोहबरमा करिब ३ लाख ४० हजारको अक्षयकोष स्थापना गरी सहयोग गर्न पाएकोमा खुसी व्यक्त गरे ।



उनले उक्त अक्षयकोष मार्फत आवश्यक विद्यार्थीलाई निरन्तर सहयोग पुऱ्याउने प्रतिबद्धता जनाउँदै आगामी दिनमा आवश्यकता र स्रोतको आधारमा कोषलाई थप वृद्धि गर्दै लैजान सकिने बताए । साथै, शिक्षा क्षेत्रमा गरिएको लगानी नै दीर्घकालीन सामाजिक रूपान्तरणको आधार हुने उल्लेख गर्दै सबै पक्षबिच सहकार्य आवश्यक रहेको धारणा व्यक्त गरे । वडा नं. २५ हेमजाका अध्यक्ष मोतीलाल तिम्सिनाले सहयोगी संस्थाप्रति हार्दिक आभार व्यक्त गरेका छन्। उनले सामुदायिक विद्यालयका गरिब तथा जेहेन्दार विद्यार्थीलाई लक्षित गरी प्रदान गरिएको सहयोग अत्यन्तै उपलब्धिमूलक र प्रेरणादायी भएको उल्लेख गरे ।

अध्यक्ष तिम्सिनाले शिक्षा क्षेत्रमा गरिएको यस्ता सार्थक पहलले विद्यार्थीको भविष्य निर्माणमा महत्त्वपूर्ण टेवा पुऱ्याउने विश्वास व्यक्त गर्दै आगामी दिनमा पनि सहयोगी संस्थासँग सहकार्य निरन्तर रहने प्रतिबद्धता जनाए । साथै, स्थानीय तह, शिक्षा समिति र प्रवासी नेपाली बिचको समन्वयले हेमजाको शैक्षिक गुणस्तर अझ मजबुत बन्दै जाने धारणा व्यक्त गरे। कार्यक्रममा गौरीशङ्कर मा।वि। का प्राचार्य अम्बर बहादुर कँवर, विष्णु पादुका माविका प्राचार्य तथा वडा शिक्षा समितिका सदस्य दीपक पौडेल, गौरीशङ्कर क्याम्पसका पूर्व प्रमुख कृष्णप्रसाद पौडेल साथै एनआरएन का पूर्व अध्यक्ष एवं संरक्षक शिवप्रसाद पौडेलको आमा गंगा पौडेल र भाइ विष्णुप्रसाद पौडेल लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

वडा अध्यक्ष तिम्सिनाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सदस्य तारा विश्वकर्माले स्वागत तथा सञ्चालन वडा सदस्य कृष्ण बहादुर कँवरले गरेका थिए ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : शारीरिक झमेला |
| वृष | : शत्रुको भय | वृश्चिक | : मानसिक तनाब |
| मिथुन | : सहयोग मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : झमेला बढ्ने |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : स्वास्थ्यमा सुधार |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# निर्वाचन विशेष मौसम बुलेटिन : उल्लेखनीय प्रभाव नदेखिने

रासस
काठमाडौं, १५ फागुन

जल तथा मौसम विज्ञान विभागले निर्वाचनको समयमा यही फागुन २० देखि २२ गतेसम्म उल्लेखनीय मौसम प्रणालीको प्रभाव नरहने देखिएको जनाएको छ।

शुक्रबार साँझ निर्वाचन विशेष मौसम बुलेटिन जारी गर्दै विभागको मौसम पूर्वानुमान महाशाखाले हालसम्मको मौसम ढाँचाबाट प्राप्त मौसमी तथ्याङ्कहरूको विश्लेषणका आधारमा आसन्न निर्वाचनको समयमा खास उल्लेखनीय मौसम प्रणालीको प्रभाव नदेखिने स्पष्ट पारेको हो। यद्यपि हिमाली र पहाडी क्षेत्रमा भने आंशिक बदली रहने र एक दुई स्थानमा फाट्टफुट्ट वर्षा र हिमपात हुने अनुमान गरिएको छ । कोशी, बागमती र गण्डकी प्रदेशको हिमाली र पहाडी क्षेत्रमा आंशिक बदली भई हिमाली क्षेत्रमा एक दुई स्थानमा फाट्टफुट्ट वर्षा र हिमपात हुने तथा मधेस प्रदेशमा मुख्यतया सफा रहने जनाइएको छ। लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको हिमाली क्षेत्रमा आंशिक बदली भएर बादल लागे खास वर्षा र हिमपात हुने सम्भावना नदेखिएको विशेष मौसम बुलेटिनमा उल्लेख छ।

सबै प्रदेशका तराई क्षेत्रमा भने सफा रहने जनाइएको छ। तर पनि नियमित अनुगमन र अद्यावधिक गर्दै जाने भएकाले दैनिक अद्यावधिक सूचनाबारे जानकारी लिन विभागले सबैमा अनुरोध गरेको छ।

# आकाश नियाल्ने मनीषा अब संसद यात्रामा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन



देब्रे आँखामाथि रहेको गोलो कालो कोठीले पहिलो भेटमै ध्यान तान्छ। आत्मविश्वासी मुस्कानसँगै देखिने त्यो सानो चिनो केवल शारीरिक विशेषता होइन, धेरैका लागि प्रतीक बनेको छ। स्थानीय बुढापाकाहरू भन्छन्, "देब्रे आँखामाथिको कालो कोठी भाग्य र शुभ संकेत हो।" परम्परागत विश्वासले यसलाई दृढ इच्छाशक्ति र स्पष्ट दृष्टिको संकेत ठान्छ। तर मनीषा द्वा स्वयं यसलाई भाग्यभन्दा बढी पहिचान मान्छिन् । उनी सहजै भन्छिन्, "यो त मेरो स्वाभाविक चिनो हो, तर मेरो असली शक्ति जनताको विश्वास र माया हो।" उनै मनीषा कास्की क्षेत्र नं १ को चुनावी मैदानमा यसपटक एउटा फरक अनुहार छाउन थालेको छ। विज्ञान प्रयोगशालाबाट राजनीति यात्रामा सुरु गरेकी एक महिला उम्मेदवार हुन् । भद्रकालीको आँगनमा उभिएर रातको आकाश नियाल्ने सानो बालिका कहिल्यै थाक्दैनथिन् । उनका प्रश्नहरू सधैं ब्रह्माण्डतिर मोडिन्थे–तारा किन टल्कन्छन् । आकाश कति टाढासम्म फैलिएको छ ? त्यही जिज्ञासा समयसँगै अध्ययन र अनुसन्धानमा रूपान्तरित भयो । पोखराको पृथ्वीनारायण (पिएन) क्याम्पसबाट भौतिक विज्ञान अध्ययन गरेपछि उनको रुचि प्रयोगशालाभन्दा बाहिरको गहिराइतर्फ गयो । अहिले ३७ वर्षीया मनीषा एस्ट्रोफिजिक्समा विद्यावारिधि (पिएचडी) गरिरहेकी छन् । नेपालमा खगोल विज्ञानलाई जनजीवनसँग जोड्ने युवा वैज्ञानिकका रूपमा उनी स्थापित हुँदै गइरहेकी छन् । नेपाल एस्ट्रोनोमिकल सोसाइटीको सञ्चालक समिति निर्देशक, इन्टर नेसनल एस्ट्रोनोमिकल युनियनबाट नेपालका लागि नेसनल आउटरिच को-अर्डिनेटर तथा राष्ट्रिय खगोल शिक्षा संयोजकको भूमिकामा रहेर उनले विज्ञानको चेतना देशभर फैलाउँदै आएकी छिन् ।

गाउँ गाउँका विद्यालयदेखि शहरका विद्यालयदेखी कलेजसम्म पुगेर उनले विद्यार्थीलाई तारा चिनाउँदै ब्रम्हाण्डको कथा सुनाइन् र विज्ञानलाई जीवनसँग जोड्न भाइन् । तर मनीषाको यात्रा प्रयोगशालामा सीमित रहेन। उनले बुझेकी छिन् । ज्ञानले मात्र देश बदलिँदैन, त्यो ज्ञानलाई नीति र नेतृत्वसँग जोड्नुपर्छ। वैज्ञानिक सोच बिना विकास सम्भव छैन भन्ने निष्कर्षले उनलाई राजनीति मैदानमा ल्यायो। उज्यालो नेपाल पार्टीबाट कास्की क्षेत्र नम्बर १ की प्रतिनिधिसभा उम्मेदवार बनेर उनी चुनावी दौडमा छिन् । विज्ञानको अनुशासन, तथ्यमा आधारित निर्णय र दीर्घकालीन दृष्टिकोण राजनीतिमा आवश्यक छ भन्ने उनको स्पष्ट धारणा छ । मनीषा द्वाको उम्मेदवारी केवल व्यक्तिगत महत्वाकांक्षा होइन, नेपालको राजनीतिमा वैज्ञानिक सोच भित्र्याउने प्रयासका रूपमा पनि हेर्न सकिन्छ । नेपालको नीति-निर्माण प्रक्रिया प्रायः भावनात्मक बहस र तात्कालिक लोकप्रियतामा केन्द्रित हुने आरोप लागिरहन्छ । यस्तो अवस्थामा अनुसन्धान, डाटा र दीर्घकालीन रणनीतिमा विश्वास गर्ने व्यक्तित्वको प्रवेशले नयाँ विमर्श सिर्जना गर्न सक्ने छ।

पोखरा महानगरपालिका वडा नं १३ स्थित भद्रकाली स्कुल अगाडिबाट तारामण्डलसम्म पुगेकी मनीषा द्वा आज संसदको ढोका ढकढक्याइरहेकी छन्। रातको आकाशमा टल्किने ताराजस्तै उनका सपना अहिले जनताको मतबाट उज्यालो खोजिरहेका छन् ।

# 'व्यवसायिक शिक्षाबाट रोजगारी र उद्यमशीलताका लागि स्टार्ट अप सहुलियत' - उम्मेदवार आचार्य

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन




प्रतिनिधिसभा निर्वाचन अन्तर्गत कास्की क्षेत्र नं. २ का एमाले उम्मेदवार रश्मि आचार्यले व्यवसायिक शिक्षालाई आफ्नो मुख्य प्राथमिकतामा राखेका छन्।

उनले युवालाई देशभित्रै रोजगारीका अवसर सिर्जना गर्न वर्तमान शिक्षा संरचनामा परिवर्तन आवश्यक रहेको बताए।

उनले हाल सैद्धान्तिक शिक्षा बढी र प्राविधिक शिक्षा कम रहेको अवस्थालाई सुधार गर्दै प्राविधिक धारको शिक्षालाई विस्तार गर्नुपर्नेमा उनको जोड दिए । शुक्रबार पोखरा महानगरपालिका वडा नं. ४ मा आयोजित मतदाता भेटघाट अन्तरक्रियामा उम्मेदवार आचार्यले सो कुरा बताएका हुन्। प्राविधिक शिक्षा हासिल गरेपछि युवा स्वतः व्यवसाय गर्न सक्षम हुने, उद्यमशीलतामा जोडिन सक्ने र आत्मनिर्भर बन्न सक्ने वातावरण तयार हुने आचार्यको तर्क छ। त्यसका लागि "स्टार्टअप बिजनेस" र वाणिज्य क्षेत्रलाई एकीकृत गर्दै सहुलियतपूर्ण ऋणको व्यवस्था गर्नुपर्ने उनले बताए । युवा तथा बौद्धिक नेता उनले रोजगार प्रवर्द्धनका लागि स्पष्ट नीति निर्माण, साना तथा मझौला उद्यमलाई प्रोत्साहन र नयाँ व्यवसाय सुरु गर्न सहज वातावरण बनाइने प्रतिबद्धता व्यक्त गरे । आचार्यले प्रत्येक परिवार, हरेक समुदाय र संघ-संस्थाले देशको समृद्धिमा योगदान गर्नुपर्ने उल्लेख गर्दै सन्तुलित विकास र सर्वाङ्गीण विकासमार्फत समृद्ध समाज निर्माण गर्न सकिने धारणा राखे ।

# एसइई दिने विद्यार्थीका लागि 'मोटिभेसनल' कक्षा

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन



माध्यमिक शिक्षा परीक्षा (एसइई) २०८२ को तयारीमा जुटेका विद्यार्थीहरूलाई लक्षित गर्दै एक दिने 'माइन्डफुलनेस एण्ड मोटिभेसनल' कक्षा सञ्चालन गरिएको छ।

शुक्रवार पोखराको कन्या मा.विमा पोखराकै नदिपुरमा भिसि मार्गमा रहेको माउन्ट अन्नपूर्ण माविको आयोजना तथा पोखरा महानगरपलिका वडा नम्बर ३ को सहकार्यमा कक्षा सञ्चालन गरिएको कार्यक्रम संयोजक एबम् शिक्षक गोविन्द प्रसाद सुवेदीले जानकारी दिए।

परीक्षा नजिकिँदै गर्दा विद्यार्थीमा देखिएको तनाव, डर र अन्योलतालाई न्यूनीकरण गर्दै आत्मविश्वास अभिवृद्धि गर्ने उद्देश्य तथा बिद्यालयको सामाजिक उत्तरदायित्तव अन्तरगर्त रहेर कार्यक्रम आयोजना गरिएको हो। कार्यक्रममा सहभागी विद्यार्थीहरूलाई अध्ययन गर्ने प्रभावकारी तरिका, समय व्यवस्थापन, उत्तर लेख्ने सीप तथा परीक्षाका बेला अपनाउनुपर्ने मनोवैज्ञानिक तयारीका विषयमा शिक्षाविद् तथा नेतृत्व विकास प्रशिक्षक विकल शेरचनले सहजीकरण गरेका थिए। उनले एसइईलाई जीवनको अन्तिम गन्तव्य नभई एउटा महत्वपूर्ण अवसरका रूपमा लिन आग्रह गर्दै सकारात्मक सोच र निरन्तर अभ्यासले सफलता सुनिश्चित हुने बताएका थिए। वडा नम्बर ३ का वडा अध्यक्ष प्रकासमान उदासले सरकारी बिद्यालय प्रति चासो राख्दै बिद्यार्थीहरुको शैक्षिक विकासको लागि कार्यक्रम आवश्यक पर्ने ठानेर सहकार्य गर्दै कार्यक्रम आयोजना गरिएको बताए। नेपाल ओलम्पिक एकेडेमिका अध्क्षय तेज बहादुर गुरुङले सचेतनाको अवधारणा माथि प्रस्तुतिकरण राखेका थिए । उनले माइन्डफुलनेस एण्ड मोटिभेसनल सम्बन्धी अभ्यास पनि गराएका थिए । विद्यालयका प्रधानाध्यापक सइन्द्रराज श्रेष्ठले माउन्ट अन्नपूर्ण बिद्यालयको विगत र वर्तमान अवस्थाको बारेमा जानकारी गराएका थिए। '

माइन्डफुलनेस एण्ड मोटिभेसनल' कक्षा लिनको लागि कन्या मावि,ज्ञानभूमि मावि,बालमन्दिर मावि र नारायणथान गुरुकुलका गरि १५० जना विद्यार्थीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा माउन्ट अन्नपूर्ण माविका पूर्व अध्यक्ष चिजकाजि गुरुङ,कन्या माविका प्रचार्य प्रेम वुढाथोकी,ज्ञानभूमी माविका प्राचार्य पुरुषोत्तम सापकोटा, बालमन्दिर माविका शिक्षक सुसिल बस्नेत लगायतले बोलेका थिए।

# चौथो संस्करणको हिसान गण्डकी फुटसल प्रतियोगिता सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, १५ फागुन



चौथो संस्करणको हिसान गण्डकी फुटसल प्रतियोगिता शुक्रबारदेखि पोखरा रंगशालास्थित बहुउद्देश्यीय कभर्ड हलमा सुरु भएको छ । उच्च शिक्षालय तथा माध्यमिक शिक्षालय संघ (हिसान) गण्डकीको आयोजना तथा सविन मेमोरियल क्लबको व्यवस्थापनमा प्रतियोगिता सञ्चालन भएको हो ।

प्रतियोगिताअन्तर्गत पहिलो दिन प्लस-२ तर्फका ८ खेल सम्पन्न भएका छन् । उद्घाटन खेलमा स्टेप बाई स्टेप सेकेन्डरी स्कूलले गुरुकुल विद्या सदनलाई ३-२ गोलले पराजित गर्दै विजयी सुरुआत गरेको छ। निर्धारित ३० मिनेटको खेलमा स्टेप बाई स्टेपले उत्कृष्ट प्रदर्शन गर्दै जित हात पारेको हो। अघिल्लो संस्करणको उपाधि विजेता गुरुकुल यसपटक भने पहिलो खेलबाटै बाहिरिएको छ भने स्टेप बाई स्टेप गत संस्करणको उपविजेता टोली हो । पहिलो दिन सम्पन्न अन्य खेलहरूमा प्रतिभा सेकेन्डरी स्कूल, न्यू ओआसिस एकेडेमी (बागलुङ), बराही आवासीय मावि (तनहुँ), चिल्ड्रेन लाइफ बोर्डिङ स्कूल तथा डायमण्ड सेकेन्डरी स्कूल विजयी हुँदै दोस्रो चरणमा प्रवेश गरेका छन् ।

प्रतिभा माविले अक्सफोर्ड स्कूललाई पेनाल्टी सुटआउटमा ४-२ गोलले पराजित गरेको हो। निर्धारित समयमा दुवै टोलीले २-२ गोलको बराबरी खेलेपछि खेल पेनाल्टीमा पुगेको थियो । त्यसैगरी ओआसिसले आदर्श विद्या मन्दिर माविलाई ४-१ गोलले हरायो । बराही आवासीय माविले ज्ञान बगैंचा इङ्ग्लिस बोर्डिङ स्कूललाई २-० ले, चिल्ड्रेन लाइफ बोर्डिङ स्कूलले जे.सी.एलाई ६-१ ले तथा डायमण्ड सेकेन्डरी स्कूलले अमर आदर्श बोर्डिङ स्कूललाई ३-० गोलले पराजित गरेको सविन मेमोरियल क्लबका अध्यक्ष सञ्जय लिगलले जानकारी दिए। यसअघि प्रतियोगिताको उद्घाटन राष्ट्रिय परीक्षा बोर्ड प्रदेश व्यवस्थापन कार्यालयका प्रमुख सुवास पन्तले गरेका थिए । उद्घाटन समारोहमा बोल्दै उनले खेलकुदले विद्यार्थीलाई शारीरिक तथा मानसिक रूपमा स्वस्थ राख्न महत्वपूर्ण भूमिका खेल्ने बताए । हिसान गण्डकी प्रदेशका अध्यक्ष डा.रामजी शर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा हिसानका केन्द्रीय सल्लाहकार बाबुराम पन्त, भूतपूर्व खेलाडी मञ्चका अध्यक्ष दिलबहादुर गुरुङ लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए। तीन दिनसम्म सञ्चालन हुने प्रतियोगितामा प्लस-२ तर्फ विभिन्न जिल्लाबाट छनोट भएका कुल १६ टोली तथा विश्वविद्यालयतर्फ ८ गरी कुल २४ टोलीले प्रतिस्पर्धामा छन् । जसमा प्लस टु तर्फ कास्कीबाट ८ टोली, बागलुङबाट ३ टोली, तनहुँबाट ३ टोली तथा पर्वत र म्याग्दीबाट समान १-१ टोलीको सहभागिता रहेको हिसान गण्डकीका अध्यक्ष शर्माले जानकारी दिए । विश्वविद्यालय तथा कलेजतर्फ इन्फर्मेटिक्स कलेज, पोखरा लिंकन इन्टरनेशनल कलेज, सोच कलेज अफ आईटी, लेक सिटी कलेज एण्ड रिसर्च सेन्टर, गेन्स कलेज, पोखरा इन्जिनियरिङ कलेज तथा इन्फोम्याक्स कलेज अफ आईटी एण्ड म्यानेजमेन्ट सहभागी छन्।

त्यसैगरी प्लस-२ तर्फ न्यू ओएसिस एकेडेमी, आदर्श विद्या मन्दिर सेकेन्डरी स्कूल, बागलुङ, बराही आवासीय मावि, ज्ञान बगैंचा इङ्ग्लिस बोर्डिङ स्कूल, प्रतिभा सेकेन्डरी स्कूल, अक्सफोर्ड स्कूल, चिल्ड्रेन लाइफ बोर्डिङ स्कूल, जे.सी.ए., गुरुकुल विद्या सदन, स्टेप बाई स्टेप सेकेन्डरी स्कूल, आरनिको इङ्ग्लिस सेकेन्डरी बोर्डिङ स्कूल, फिस्टेल एकेडेमी, फ्युचर ब्राइटर सेकेन्डरी स्कूल, बाल कल्याण बोर्डिङ स्कूल, डायमण्ड सेकेन्डरी स्कूल तथा अमर आदर्श बोर्डिङ स्कूल सहभागी रहेका छन्।

प्लस-२ तर्फ विजेता टोलीले नगद १ लाख रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले नगद ५० हजार रुपैयाँ, मेडल तथा प्रमाणपत्र हात पार्नेछ। साथै प्रतियोगितामा उत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षकलाई समेत विशेष पुरस्कार प्रदान गरिनेछ। यस्तै विश्वविद्यालयतर्फ विजेताले नगद २५ हजार रुपैयाँसहित मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेताले नगद १० हजार रुपैयाँ, मेडल तथा प्रमाणपत्र पाउनेछन् । अघिल्लो संस्करणमा प्लस-२ तर्फ गुरुकुल विद्या सदन तथा कलेजतर्फ इन्फर्मेटिक्स कलेजले उपाधि जितेका थिए।

# निर्वाचन प्रयोजनका लागि २२ उम्मेदवारले खेले बैंक खाता

**पोखरापत्र संवाददाता**
बागलुङ, १५ फागुन

निर्वाचन खर्च प्रयोजनका लागि बागलुङका २२ उम्मेदवारले बैंक खाता खोलेका छन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ का लागि बागलुङ क्षेत्र नम्बर १ र क्षेत्र नम्बर २ मा उम्मेदवार भएका २३ जनामध्ये अहिलेसम्म २२ जनाले बैंक खाता खोलेको निर्वाचन आचारसंहिता अनुगमन समितिले जनाएको छ। उम्मेदवारको खर्च र आम्दानी सोही खाताबाट गर्नुपर्ने कोष तथा लेखा नियन्त्रणको कार्यालय बागलुङका कोष नियन्त्रक किशोरकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार क्षेत्र नम्बर १ का एक जना उम्मेदवारले खाता खोलेका छैनन् ।

बागलुङमा उम्मेदवारले बढीमा रु २९ लाखसम्म खर्च पाउने निर्वाचन आयोगले मापदण्ड बनाएको छ। निर्वाचनमा हुने आर्थिक चलखेल रोक्नका र खर्च मितव्ययीता गर्नका लागि उम्मेदवारको खर्च सम्बन्धी अनुगमन गरिने उहाँ बताउनुहुन्छ। कोष नियन्त्रक श्रेष्ठले भन्नुभयो, "निर्वाचन आयोगले यसपालि बढी खर्च गर्नबाट रोक्नका उम्मेदवारले निर्वाचन प्रयोजनका लागि मात्रै प्रयोग हुने खाता खोल्ने व्यवस्था गरेको छ, यहाँका धेरैले खाता खोल्नुभएको छ, एक जान खोल्ने प्रक्रियामा हुनुहुन्छ।"


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. १४, रामेश्वरी मा.वि. शौचालय र फर्निचर निर्माण गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

योजनाको नामः रामेश्वरी मा.वि. शौचालय र फर्निचर
ठेगानाः रामेश्वरी मार्ग, पोखरा-१४
योजना सम्झौता मिति : २०८२/०८/२६ गते
योजना सुरु मितिः २०८२/०८/२७ गते
योजना सम्पन्न हुने मितिः २०८३/०३/१५ गते
योजनाको कुल लागतः रु. ६,११,३०३.५०|-
महानगरपालिकाबाटः रु. ५,५०,०००|-
जनसहभागिताबाटः रु. ६१,३०३.५०
उपभोक्ता समिति अध्यक्षः रमेश कार्की
उपभोक्ता समिति सदस्यः ५ जना महिलाः २ पुरुषः ३ जना

**रामेश्वरी मा. वि. शौचालय र फर्निचर उपभोक्ता समिति पोखरा-१४**


# गुर्जावासीको दिनभरको यात्राअवधि साढे दुई घण्टामा छोटियो

**पोखरापत्र संवाददाता**
म्याग्दी, १५ फागुन

म्याग्दीको धवलागिरि गाउँपालिका-१ गुर्जा गाउँ जोड्ने सडक निर्माण अन्तिम चरणमा पुगेको छ।

लुलाङ-गुर्जा सडक योजनामार्फत चालु आर्थिक वर्षमा थप करिब चार किलोमिटर ट्र्याक (मार्ग) बनाएर गुर्जालाई यातायात सञ्चालसँग जोड्न लागिएको हो । यसअघिका तीन वर्षमा गाउँपालिका, प्रदेश र सङ्घीय सरकारको लगानीमा लुलाङदेखि भैसीमानेसम्म करिब १८ किलोमिटर सडकको मार्ग खुलेको थियो।

भैसीमानेदेखि पाल्टनसम्म थप करिब तीन किलोमिटर सडकको मार्ग खुलेको धवलागिरि गाउँपालिकाका उपाध्यक्ष रेशम पुनमगरले जानकारी दिनुभयो। "थप करिब दुई किलोमिटर मार्ग खुलेपछि गुर्जा सडक सञ्जालमा जोडिने भएको छ", उहाँले भन्नुभयो, "निर्माण कम्पनीको उपकरण (डोजर) बिग्रिएकाले केही ढिलाइ भएको छ। सरासर काम हुने हो भने अब हप्ता दश दिनमा गुर्जामा बाटो पुग्छ। गाडी चढेर जान सकिन्छ।"चालु आवमा रु एक करोड ७० लाख बजेट विनियोजन गरेको योजनामार्फत छनोट भएको ठेकेदार कम्पनी लुलु कन्ट्रक्सनले गत पुसमा रु ८८ लाख ८५ हजारमा ठेक्का सम्झौता गरेको थियो। आव २०७९/८० देखि सुरु भएको लुलाङ-गुर्जा धवलागिरि गाउँपालिकाको गौरवको प्राथमिकताप्राप्त योजना भएको गाउँपालिका अध्यक्ष प्रेमप्रसाद पुनले बताउनुभयो। दुई वर्षअघिसम्म गुर्जादेखि लुलाङ पुग्न पूरै दिन भिर, जङ्गल र खोल्साको उकालो, ओरालो पैदलयात्रा गर्नुपर्ने अवस्था थियो। हाल गाडी पुग्ने पाल्टनदेखि २० मिनेट पैदलयात्रा गरेर गुर्जा पुगिने धवलागिरि-१ का वडाध्यक्ष झक छन्त्यालले बताउनुभयो।

"गाउँ नजिकैसम्म बाटो र गाडी आउँदा गुर्जावासी खुसी र उत्साही भएका छौं", उहाँले भन्नुभयो, "गुर्जावासीले सडक ल्याउन योजना बनाउँदा पत्याएका थिएनन् । गाउँ नजिकै गाडी आउन थालेपछि गुर्जावासीमा उत्साह छाएको हो।" गाडी चल्न थालेपछि गुर्जाबाट दुई घण्टा ३० मिनेटमा गाउँपालिकाको केन्द्र मुना, पाँच घण्टामा बेनी र सात घण्टामा पोखरा पुग्न सकिने भएको छ । यसअघि गुर्जादेखि मुना पुग्न पूरै दिन पैदलयात्रा गर्नुपर्ने अवस्था रहेको स्थानीय गोर्खा छन्त्यालले बताउनुभयो । गाडी चल्न थालेपछि बिरामीलाई अस्पताल पुर्‍याउन, कृषि, पशुजन्य र जडीबुटी बजारीकरणमा सहज भएको छ। गुर्जामा पर्यटकको चहलपहल बढ्न थालेको छ । मार्ग खुलेको सडकको ग्रेड, घुम्ती मिलाउन, साँघुरो ठाउँमा फाराकिलो पार्न, पक्की नाला बनाउन चालु आर्थिक वर्षमा सङ्घीय सरकारको सहरी विकास मन्त्रालयबाट रु तीन करोड र गण्डकी प्रदेश सरकारले रु ५० लाख विनियोजन गरेको छ। गुर्जा जोड्ने सडकमा पर्ने लमसुङस्थित दरखोलामा प्रदेश सरकारले २५ मिटर लामो मोटरेबल पुल निर्माण थालेको छ । काम्जाखोलामा बेलिब्रिज निर्माणका लागि गुर्जावासीले चन्दा सङ्कलन अभियान सञ्चालन गरेका छन्।